" कृषि, पर्यटन र पुर्वाधार, सम्वृद्ध मिक्लाजुङको आधार "

स्थानीय सरकार

# मिक्लाजुङ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

रवि, पाँचथर

प.सं. : २०७९/०८०

च.नं. : १५८५

मिति : २०८०/०३/२२

मिक्लाजुङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय रवि, पाँचथर कोशी प्रदेश, नेपाल

## सामाजिक सुरक्षा भत्ता नविकरण सम्बन्धी अत्यन्त जरुरी सूचना ।

प्रस्तुत विषयमा सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को नियम (४) अनुसार सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका लाभग्राहीले चालु आ.व. मा सामाजिक सुरक्षा प्राप्त गर्न तोकिएको ढाँचामा सम्बन्धित वडा कार्यालयमा नवीकरणको लागि निवेदन दिनुपर्ने व्यवस्था भए बमोजिम लाभग्राहीहरु स्वयं वडा कार्यालयमा उपस्थित भई यहि (मिति- **२०८० श्रावण १ देखि भदौ मसान्त भित्र)** अनिवार्य रुपले आ-आफ्नो सामाजिक सुरक्षा भत्ता परिचयपत्र नविकरण गर्नुहुन अनुरोध छ । साथै बालबालिका वा आफै अपस्थित हुन नसक्ने व्याक्तिहरुको हकमा निजको आमा, बाबु, संरक्षक, माथवर वा स्याहार सुसार गर्ने व्याक्तिले समेत निवेदन दिन सक्नेछन ।

**सामाजिक सुरक्षा भत्ता नविकरण गर्न वडा कार्यालयमा आवश्यक पर्ने कागजातहरु :-**

⇒ नागरिकताको प्रमाणपत्रको प्रतिलिपी,

⇒ सक्कलै चेक – १ प्रति

⇒ एक प्रति हालसालै खिचेको लाभग्राहीको अटो साइजको फोटो

⇒ दलित बालबालिकाको हकमा जन्मदर्ताको प्रतिलिपि साथै संरक्षकको नागरिकताको प्रतिलिपि र चेक १ प्रति

⇒ विधवा महिलाको हकमा पतिको मृत्युदर्ताको प्रमाणपत्रको प्रतिलिपि र अर्को बिवाह नगरेको वडाको सिफारिस,

⇒ सम्बन्ध बिच्छेद गरि अर्को विवाह नगरेको महिलाको हकमा सम्बन्ध विच्छेदको प्रमाणपत्रको प्रतिलिपि र अर्को विवाह नगरेको वडाको सिफारिस,

⇒ न्यायिक पृथकीकरण गरि बसेको महिलाको हकमा अदालतबाट न्यायिक पृथकीकरणको प्रमाणपत्र

⇒ हालसम्म विवाह नगरेको ६० वर्ष उमेर पुगेको महिलाको हकमा वडाको सिफारिस

⇒ अपाङ्ग भएका व्याक्तिको हकमा नगरपालिकबाट जारी भएको अपाङ्गताको परिचयपत्रको रङ्गिन प्रतिलिपी

**याद राख्नुहोस :-**

✓ सामाजिक सुरक्षा भत्ता बितरण कार्यविधि,२०७७ को दफा ४ को उपदफा ६ बमोजिम म्याद भित्र नवीकरण नभएमा लाभग्राहीको लगतकट्टा गरिने र भत्ता प्राप्त हुनेछैन साथै लागतकट्टा भएका व्याक्तिले पुन : लाभग्राहीमा सूचिकृत हुन चाहेमा सामाजिक सुरक्षा ऐन, २०७५ को दफा १२ बमोजिम निवेदन दिन सक्ने व्यवस्था रहेकाले सोहि अनुसार गर्नु , गराउनुहुन सम्पुर्णमा जानकारीको लागि अनुरोध

दुर्गा प्रसाद लिम्बु
एम.आइ.एस. अपरेटर

एम.आइ.एस. अपरेटर
सामाजिक सुरक्षा तथा पञ्जिकरण शाखा

सुमन यङ्या
प्रमुख प्रशासकीय अधिकृत

सुमन यङ्या
प्रमुख प्रशासकीय अधिकृत